# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०३/२१**

**छैटौं अधिवेशन**

**(एक्काइसौं वैठक)**

## बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको एक्काइसौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

सुदूरपश्चिम प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६, सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ र स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भई आएको जानकारी गराउछु ।

३. माननीय सदस्यहरु,

अब, आर्थिक वर्ष २०७७/०७८ को वार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथिको कार्बाही प्रारम्भ हुन्छ।

४. माननीय सदस्यहरु,

आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (३) बमोजिम प्रदेश सरकारको आर्थिक बर्ष २०७७/०७८ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) का सम्बन्धमा संक्षिप्त वक्तव्य सहित आर्थिक वर्ष २०७७/०७८ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथि सभामा छलफल गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा** :- माननीय सभामुख महोदय हामी विशिष्ट परिस्थितिमा आर्थिक बर्ष ०७७।०७८ को बजेट प्रस्तुत गर्न गइराखेका छौ र बजेट यस सम्मानीत हाउसमा प्रस्तुत भैसकेको छ । आर्थिक बर्ष ०७७।०७८ को बार्षिक राजश्व र व्यवको अनुमान छलफल गरी पारित गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

(प्रस्ताव प्रस्तुत भएपछि)

५. माननीय सदस्यहरु,

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको आ.व.२०७७/०७८ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

(घोषणा पछि)

६. माननीय सदस्यहरू,

आजको बैठक यहि स्थगित हुन्छ अर्को आषाढ २२ गते दिनको ३:०० बजे बस्ने गरी आजको बैठक यही स्थगित गर्दछु ।